आज मिति २०८३/०३/०३ गते बुधबारको दिन यस शुद्धोदन गाउँपालिका, गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को बाइसौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक कक्षमा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री विष्णु प्रसाद बस्याल | अध्यक्ष |
| २ | | श्री शान्ता देवी ज्ञवाली | उपाध्यक्ष |
| ३ | | श्री उदयराज गडेरिया पाल | वडा अध्यक्ष-१ |
| ४ | | श्री कमल खड्का क्षेत्री | वडा अध्यक्ष-२ |
| ५ | | श्री हेम बहादुर खड्का | वडा अध्यक्ष-३ |
| ६ | | श्री केशव प्रसाद अधिकारी | वडा अध्यक्ष-४ |
| ७ | | श्री चन्द्रभान चौधरी थारु | वडा अध्यक्ष-५ |
| ८ | | श्री उपेन्द्र साहनी | वडा अध्यक्ष-६ |
| ९ | | श्री भिम नारायण चौधरी | का.वा. वडा अध्यक्ष-७ |
| १० | | श्री शान्ति सुनार | कार्यपालिका सदस्य |
| ११ | | श्री पवित्रा थारु | कार्यपालिका सदस्य |
| १२ | | श्री गिता नेपाली | कार्यपालिका सदस्य |
| १३ | | श्री रुक्मिणी थारु | कार्यपालिका सदस्य |
| १४ | | श्री राममिलन लोध | कार्यपालिका सदस्य |
| १५ | | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य |
| १६ | | श्री लेख बहादुर बस्नेत | सदस्य-सचिव |
| | आमन्त्रीत | | |
| १ | | गौरव लामिछाने | इन्जिनियर |
| २ | | लक्ष्मण क्षत्री | सि.ई. |
| ३ | | हेमन्त पाण्डे | वातावरण |
| ४. | | तुलसा अर्याल | प्र.प्र.अ. |
| ५. | | कोमल प्र. श्रा. | [illegible] |

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरुः**

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरुः**

१. अघिल्लो कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको समिक्षा गरी आगामी दिनहरुमा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो स्थानबाट भूमिका खेल्ने निर्णय गरियो ।

२. गैडहवा गाउँपालिकालाई मिति २०८३।०१।२५ गतेको सम्झौताको आधारमा भएको मिति २०८३।०१।२५ गतेको कार्यपालिकाको निर्णय अनुसार रु. ४,३२,१८५।— रकम वार्षिक विकास कार्यक्रमको पेज नं.१३१ क्र.सं. १४० राजस्व फिर्ता शिर्षकबाट उपलब्ध गाराउने निर्णय गरियो ।

३. शुद्धोदन गाउँपालिकाको वडा नं. ६ र ७ को मानमटेरिया खानेपानी तथा सरसफाई उपभोक्ता समितलाई पाइप जडान गर्ने कामको लागि वार्षिक विकास कार्यक्रमको पेज नं. १३८ क्र. ९२ लागत साझेदारीका लागि आवश्यक रकम शिर्षकबाट रु. २,१५,०००।- रकम उपलब्ध गराउने निर्णय गरियो ।

४. ईलाका प्रहरी कार्यालय, रन्यौराको कम्पाउण्डमा ब्लक लगाउने कामको लागि वार्षिक विकास कार्यक्रमको पेज नं. १३८ क्र. ९२ लागत साझेदारीका लागि आवश्यक रकम शिर्षकबाट रु. २,००,०००।— रकम उपलब्ध गराउने निर्णय गरियो ।

५. बाल सुधार गृह रुपन्देहीको माग बमोजिम बाल सुधार गृहमा रहेका बालबालिकाहरुलाई फलफुलमा खर्च भएको रु ३७,७४०।— मिना तरकारी पसलको नाममा र रु. १९२५०।— प्रनिता जनरल स्टोर्स भैरहवाको खातामा बाल सुधार गृह रुपन्देहीको सिफारिसको आधारमा गाउँपालिकाको वार्षिक विकास कार्यक्रमको पेज नं. १३० क्र.सं. ११६/११७ बाट भुक्तानी हुने गरी जम्मा रु. ५६,९९०।— रकम उपलब्ध गराउने निर्णय गरियो ।

६. शुद्धोदन गाउँपालिकाको वडा नं. ४ को व्यवसायिक भवन माथी ट्रस्ट निर्माण गरी हुलाक कार्यालयलाई व्यवस्थापन गर्न वार्षिक विकास कार्यक्रमको पेज नं. १३७ को क्र.सं. ८८ मर्मत सम्भार कोष शिर्षकवाट रु. ९ लाख ५० हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

७. शुद्धोदन गाउँपालिकाको वडा नं. ४ को फर्साटिकर बजार देखिं जुगडिया जाने बाटोमा नाली निर्माण गर्न वार्षिक विकास कार्यक्रमको पेज नं. १३७ को क्र.सं. ८८ मर्मत सम्भार कोष शिर्षकबाट रु. ४ लाख १५ हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

८. शुद्धोदन गाउँपालिकाको वडा नं. १ किशुली टोल अन्तर्गत कुट्टा, सेमरहनी, बेलहिया, खैरहनी, (किसुली ठूलो टोल) टोलहरुमा बाटो खालटा खुल्टी पुरी सडक ग्राभेल गर्न वार्षिक विकास कार्यक्रमको पेज नं. १३७ को क्र.सं. ८८ मर्मत सम्भार कोष शिर्षकबाट रु. १ लाख ९५ हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

९. शुद्धोदन गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ मा फोहोर मैला व्यवस्थापन सम्बन्धी अभिमुखिकरण तथा सामाग्रिहरु वितरण कार्यका लागि विनियोजन भएको रकमबाट बचत हुने रु. ५ लाख रकमबाट शुद्धोदन गाउँपालिका वडा नं. ५ खजुरीया विद्यालय र बौद्ध गुम्बा देखि उत्तर तर्फ र



CamScanner

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरुः**

खजुरिय गाउँ देखि मैनहिया गाउँ जाने सडकको पश्चिम तर्फ रहेको सार्वजनिक जग्गामा शुद्धोदन गाउँपालिकाको फोहोर मैला डम्पिङ साइट निर्माण गर्ने निर्णय गरियो ।

१०. शुद्धोदन गाउँपालिकाको विभिन्न स्थानहरुमा हाइमास्टलाईट राख्ने कामको लागि कार्यपालिकामा प्रस्तुतिकरण भएको प्रारम्भिक वातावरणीय अध्यय प्रतिवेदनको मान्य अवधि ३ वर्षको हुने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

११. नेपाल थारु संघ जिल्ला कार्य समिति, रुपन्देहीबाट २०८३ जेष्ठ १६ र १७ गते काठमाण्डौमा नेपाल थारु संघको प्रथम केन्द्रीय अधिवेशनमा भाग लिन जान थारु लक्षित कार्यक्रमबाट २० हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

१२. थारु महिला सभा जिल्ला कार्य समिति, रुपन्देहीबाट २०८२ चैत्र २७, २८ र २९ गते सिरहा जिल्लाको लहानमा हुने चौथो केन्द्रीय महाधिवेशनमा भाग लिन जान थारु लक्षित कार्यक्रमबाट १५ हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

१३. शुद्धोदन गाउँपालिकामा आर्थिक वरष २०८२/८३ मा संघीय ससर्त तर्फ गाईभैंसी प्रवर्द्धन कार्यक्रम अन्तर्गत विनियोजन भएको र. ४७००० ।– बाट लागत अनुमान गरी कार्यक्रम सञ्चालन गर्दा मा गरेका सबै किसानहरुलाई माग अनुसार इलेक्ट्रिकल चापकटर उपलब्ध गराउन अपुग हुने रकम रु. ३ लाख रकम गाउँपालिकाको वार्षिक विकास कार्यक्रम पेज नं. १२९ क्र.सं. ९६ बाट उपलब्ध गराउने निर्णय गरियो ।

१४. गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ मा यज्ञदय क्याम्पस शैक्षिक अनुदान तर्फ विनियोजन गरेकोलाघ तपसिल अनुसार रकमान्तर गरी कार्यान्वयन गर्न गाउँसभामा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिलः

घटाउने

| खर्च शिर्षक | योजनाको नाम | रकम |
|---|---|---|
| २५३११ | यज्ञदय बहुमुखी क्याम्पस शैक्षिक अनुदान | १०००००० |

बढाउने

| खर्च शिर्षक | योजनाको नाम | रकम |
|---|---|---|
| ३११२३ | यज्ञदय बहुमुखी क्याम्पसको लागि फर्निचर खरिद | ५००००० |
| ३११२२ | यज्ञदय बहुमुखी क्याम्पसको लागि स्मार्ट बोर्ड खरिद | |

१५. शुद्धोदन गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को लागि तपसिलका नीति तथा कार्यक्रमहरु स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

**शुद्धोदन गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ का नीति तथा कार्यक्रमहरु**

## शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरु:

### (क) सुशासन तथा संस्थागत विकासः

१. गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन संरचना, भू-उपयोग योजना, क्षेत्रगत गुरुयोजना तथा दिगो विकास लक्ष्यसँग आवद्ध गरी वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

२. वडास्तरदेखि गाउँपालिकास्तरसम्मको सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी र नतिजामुखी बनाइनेछ ।

३. विकास आयोजनाको आवश्यकता, औचित्य, लागत तथा प्रतिफलका आधारमा आयोजना छनोट र प्राथमिकीकरण गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।

४. गाउँपालिकाको आयोजना बैंक (Project Bank) निर्माण गरी सम्भाव्य तथा प्राथमिकताप्राप्त आयोजनाहरू कार्यान्वयनका लागि तयार गरिनेछ ।

५. संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी बहुवर्षीय तथा रणनीतिक महत्वका आयोजनाहरू गाउँपालिकामा भित्र्याउने पहल गरिनेछ ।

६. विकास निर्माणका योजनाहरूको नियमित प्राविधिक अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

७. योजनाको गुणस्तर, समयसीमा र लागत प्रभावकारिता सुनिश्चित गर्न अनुगमन संयन्त्रलाई थप सुदृढ गरिनेछ ।

८. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण तथा नागरिक निगरानीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी सुशासन प्रवर्द्धन गरिनेछ ।

९. योजना व्यवस्थापन सूचना प्रणाली (PMIS) तथा डिजिटल अभिलेख व्यवस्थापन प्रणालीको विकास र विस्तार गरिनेछ ।

१०. नीति तथा योजना निर्माणका लागि आवश्यक तथ्याङ्क संकलन, विश्लेषण, अनुसन्धान तथा प्रकाशन कार्यलाई प्राथमिकता दिइनेछ ।

११. दिगो विकास लक्ष्य (SDGs), जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणलाई योजना तथा बजेट प्रणालीमा मूलप्रवाहीकरण गरिनेछ ।

१२. जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति तथा सरोकारवालाहरूको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ ।

१३. विकास साझेदार संस्था, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी विस्तार गरी स्थानीय विकासमा लगानी आकर्षित गरिनेछ ।

१४. योजनाको प्रभावकारिता अभिवृद्धिका लागि सम्पन्न आयोजनाहरूको उपलब्धि तथा प्रभाव मूल्याङ्कन गरी सिकाइ र सुधारका उपाय अवलम्बन गरिनेछ ।

१५. **"तथ्यमा आधारित योजना, पारदर्शी कार्यान्वयन र दिगो विकास"** को अवधारणालाई आत्मसात् गर्दै समृद्ध शुद्धोदन निर्माणका लागि योजना व्यवस्थापन प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाइनेछ ।

१६. गाउँपालिकाका सम्पूर्ण प्रशासनिक तथा सेवा प्रवाह प्रणालीलाई क्रमशः डिजिटल प्रविधिमा आधारित बनाउने प्रयास गरिनेछ ।

१७. विद्युतीय सुशासन (E-Governance) को प्रवर्द्धन गरी सेवा प्रवाहलाई सरल, छरितो, पारदर्शी तथा प्रभावकारी बनाइनेछ ।

१८. गाउँपालिका तथा वडा कार्यालयहरूमा इन्टरनेट, नेटवर्किङ तथा सूचना प्रविधि पूर्वाधारको विस्तार र स्तरोन्नति गरिनेछ ।

१९. डिजिटल अभिलेख व्यवस्थापन प्रणाली लागू गरी कार्यालयका महत्त्वपूर्ण कागजात तथा तथ्याङ्कको सुरक्षित संरक्षण गरिनेछ ।

२०. नागरिकले प्राप्त गर्ने सेवाहरूलाई क्रमशः अनलाइन माध्यमबाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२१. गाउँपालिकाको आधिकारिक वेबसाइट, मोबाइल एप तथा सामाजिक सञ्जालमार्फत सूचना प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

२२. सूचना प्रविधिको माध्यमबाट गुनासो व्यवस्थापन, सुझाव संकलन तथा नागरिक सहभागिता अभिवृद्धि गरिनेछ ।

## शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको वैठकका निर्णयहरुः

२३. GIS (Geographic Information System) आधारित योजना, सम्पत्ति तथा पूर्वाधार व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

२४. डिजिटल प्रोफाइल तथा एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण गरी तथ्यमा आधारित योजना निर्माणलाई प्रोत्साहन गरिनेछ ।

२५. साइबर सुरक्षा तथा सूचना सुरक्षासम्बन्धी मापदण्ड अवलम्वन गरी सरकारी सूचना तथा तथ्याङ्कको सुरक्षा सुनिश्चित गरिनेछ ।

२६. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी तथा समुदायको डिजिटल साक्षरता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. सामुदायिक विद्यालयहरूमा सूचना प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण विकास गर्न आवश्यक सहयोग प्रदान गरिनेछ ।

२८. डिजिटल भुक्तानी प्रणाली तथा विद्युतीय कारोबारलाई प्रोत्साहन गरी नगदरहित सेवा प्रणाली विस्तार गरिनेछ ।

२९. गाउँपालिकाभित्र सार्वजनिक सेवा केन्द्र तथा डिजिटल सहायता केन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

३०. नेपाल सरकारको १०० दिने कार्यसूची अनुरूप जनमुखी सेवाप्रवाह सुनिश्चित गर्न स्वास्थ्य सेवामा डिजिटल गुनासो व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

### (ख) सामाजिक विकासः

३१. आयुर्वेद, योग, प्राकृतिक चिकित्सा तथा अन्य वैकल्पीक चिकित्सालाई प्रवर्द्धन गरी नागरिक मैत्री स्वास्थ्य सेवा प्रदान गरिने छ ।

३२. नसर्ने रोग (NCD) को निदान तथा व्यवस्थापनका लागि आयुर्वेद तथा योग चिकित्सा लाई आधुनिक तथा वैज्ञानिक प्रविधीमैत्री बनाई सेवा प्रवाह गरिनेछ ।

३३. आयुर्वेद वहुमुल्य औषधिजन्य जडिवुटीहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने निति लिई आवश्यक कार्यक्रमहरू संचालन गरिने छ।

३४. आयुर्वेद औषधालयवाट प्रदान गरिने सेवालाई जनमुखि प्रभावकारी र सर्वशुलभ वनाउन आवश्यक प्राविधिक जनशक्तीको व्यवस्थापन गरिनेछ।

३५. आयुर्वेद तथा योग चिकित्सालय विश्वस्नीय र प्रभावकारी वनाउन आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम, आयुर्वेद स्वास्थ्य सेवा सम्वन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

३६. नेपाल सरकारको **'स्वस्थ नागरिक, समृद्ध नेपाल'** को राष्ट्रिय अवधारणा अनुरुप गाउँपालिकाको दृष्टिकोण 'स्वस्थ नागरिक, समृद्ध गाउँपालिका' लाई मुख्य मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरिनेछ।

३७. आधारभूत स्वास्थ्य सेवा तथा अत्यावश्यकीय स्वास्थ्य उपचारलाई स्थानीय सरकारको प्रमुख दायित्वको रूपमा स्वीकार गर्दै गाउँपालिकाका सवै वडामा प्रभावकारी रूपमा सेवा सञ्चालन गरिने नीति अवलम्वन गरिनेछ।

३८. स्वास्थ्य संस्थाहरूमार्फत सञ्चालन भएको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन अल्पसंख्यक, आर्थिक रूपले विपन्न तथा समुदायमा पछाडि परेका समुदायको सहज पहुँच सुनिश्चित गरिनेछ।

मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्र (प्रस्तावित १५ शैयाको अस्पताल) मार्फत सञ्चालन हुँदै आएको सेवालाई थप व्यवस्थित गर्न
३९. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्यकर्मीहरूलाई थप जिम्मेवार वनाउने नीति अवलम्बन गरिनेछ।

सोह्रौं पञ्चवर्षीय योजनाको लक्ष्य अनुरूप ९०% परिवारलाई आधा घण्टाभित्र स्वास्थ्य सुविधा पहुँच सुनिश्चित गर्न वडास्तरीय
४०. स्वास्थ्य सेवा सुदृढ गरिनेछ।

४१. नेपाल सरकारको १०० दिने कार्यसूचीमा समेटिएको डिजिटल सुशासनको मनसाय अनुरूप स्वास्थ्य सेवामा HMIS तथा डिजिटल प्रणालीको प्रयोग विस्तार गरिनेछ।

महिला तथा वालवालिकामा देखिने स्वास्थ्य समस्यालाई मुख्य प्राथमिकतामा राखी समुदायस्तरीय स्वास्थ्य प्रवर्धन
४२. क्रियाकलापहरू सञ्चालन गर्न स्वास्थ्यकर्मीहरूलाई थप जिम्मेवार बनाउने नीति अवलम्बन गरिनेछ।

सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन सेवा तथा किशोरकिशोरी स्वास्थ्य सेवाको गुणस्तरीय प्रवाह सुनिश्चित गरिनेछ।
४३. विद्यालयमा अध्ययनरत वालबालिकाहरूको स्वास्थ्य प्रवर्धन तथा स्वास्थ्य व्यवहार परिवर्तनका लागि गाउँपालिकाको शिक्षा
४४. शाखा र मातहतका विद्यालयहरूसँग निरन्तर सहकार्य गर्दै संयुक्त कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

४५. अटिजम लगायत विशेष आवश्यकता भएका वालबालिकाका लागि पहिचान, परामर्श र रेफरल प्रणाली विकास गरिनेछ।

## शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरुः

४६. कुपोषण तथा यसले मानव स्वास्थ्यको जीवनचक्रमा पार्ने दुष्प्रभावलाई न्यूनीकरण गर्न विगतदेखि सञ्चालन गर्दै आएको समुदायस्तरीय पोषण प्रवर्धन अभियानलाई निरन्तरता दिने नीति अवलम्वन गरिनेछ।

४७. गर्भवती तथा सुत्केरी महिला, शिशु तथा वालवालिकाको पोषण सुधारका लागि FCHV मार्फत घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिक, अपाङ्ग तथा आर्थिक रूपमा विपन्न परिवारलाई रक्त संचार केन्द्र तथा आँखा अस्पतालसँग सहकार्य गरी प्रदान गरिएका सेवाहरूलाई निरन्तरता दिइने नीति अवलम्बन गरिनेछ।

४८. ज्येष्ठ नागरिकहरुले भोग्नु पर्ने समस्याहरुलाई समाधान गर्न निजहरुको घरमै जाँच गर्ने र उपयुक्त उपचार पद्धतीको विषयमा जानकारी गराउँदै स्वास्थ्य उपचार गर्न 'आउटरिच' कार्यक्रम सञ्चालन गरिनेछ ।

४९. समुदायमा नसर्ने रोगको भारलाई कम गर्नको लागि तथा स्वास्थ्य संस्थाहरूले नसर्ने रोग सम्बन्धी प्रवाह गर्ने सेवामा गुणस्तरीयता कायम गर्न प्रभावकारी नीति अवलम्बन गरिनेछ।

५०. मधुमेह, उच्च रक्तचाप तथा क्यान्सर प्रारम्भिक पहिचानका लागि नियमित स्वास्थ्य शिविर आयोजना गरी स्क्रिनिङ कभरेज वृद्धि गरिनेछ।

५१. धुम्रपान, मद्यपान तथा लागुपदार्थ दुर्व्यसन विरुद्धको समुदायस्तरीय युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५२. मानसिक स्वास्थ्य जागरण कार्यक्रम विस्तार गरिनेछ र प्राथमिक स्वास्थ्य केन्द्रमा परामर्श सेवा उपलब्ध गराइनेछ।

५३. स्वास्थ्यको क्षेत्रमा महत्त्वका साथ हेरिएको क्षयरोगमुक्त पालिका अभियानलाई सफल पार्न राजनैतिक प्रतिबद्धतालाई कायम राख्दै समुदाय संलग्नतालाई प्रमुख प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ।

५४. झाडापखाला, डेंगी, कालाजार लगायत स्थानीय रूपमा संक्रमण देखिने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य प्रवर्धन अभियान सञ्चालन गरिनेछ।

५५. स्वास्थ्य विमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी वनाई सेवाको सन्तुष्टिको दर र दायरालाई वढाइनेछ।

५६. विपन्न, असहाय तथा जोखिमयुक्त परिवारको विमा प्रिमियम व्यवस्थापनमा गाउँपालिकाको सहयोग जारी राखिनेछ। बिमित नागरिकलाई गाउँपालिकाभित्र विना अग्रिम भुक्तानी सेवा पाउने व्यवस्था मिलाइनेछ।

५७. निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूले प्रदान गरेको स्वास्थ्य सेवा प्रवाहको गुणस्तर सुनिश्चितताका लागि नियमित रूपमा अनुगमन मूल्याँकन गरिनेछ। निजी संस्थाले सेवा शुल्क पारदर्शी रूपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिनेछ।

५८. गाउँपालिकाको समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि स्वास्थ्य क्षेत्रमा कार्यरत संघसंस्थासँग निरन्तर समन्वय तथा सहकार्य गर्दै उनीहरूले प्रदान गर्ने सेवाहरूलाई नतिजासँग तुलना गर्ने नीति अवलम्बन गरिनेछ।

५९. स्वास्थ्य क्षेत्रमा तोकिएको बजेटको पूर्ण उपयोग, पारदर्शी खर्च र नियमित लेखापरीक्षण सुनिश्चित गरिनेछ।

६०. सामाजिक परीक्षण (Social Audit) वार्षिक रूपमा सञ्चालन गरी स्वास्थ्य सेवाको जवाफदेहिता सुनिश्चित गरिनेछ।

६१. स्वास्थ्य क्षेत्रमा भएको प्रगति तथा उपचारको विवरण सहितको HMIS डेटाको नियमित विश्लेषण गरी प्रमाणमा आधारित निर्णय प्रक्रिया अवलम्बन गरिनेछ।

६२. दिगो विकास लक्ष्य (SDGs) का सूचकाङ्कहरूसँग गाउँपालिकाको स्वास्थ्य सूचकाङ्क तुलना गरिनेछ र वार्षिक दिगो विकास लक्ष्य प्रगति प्रतिवेदन तयार गरिनेछ। तोकिएको समयमा नै स्वास्थ्य क्षेत्रका लक्ष्यहरु पुरा गर्न प्रयास गरिनेछ ।

६३. **गुणस्तरीय शिक्षा शुद्धोदनको प्रतिबद्धता** भन्ने मूल नारा सहित गुणस्तरीय शिक्षाको लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । विषयविज्ञ सहितको सहभागितामा विद्यालय अनुगमन र निरीक्षण गरी शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी बनाईनेछ ।

६४. सामुदायिक विद्यालयका प्रारम्भिक वाल विकास सहजकर्ता र शिक्षकहरुको क्षमता विकास गर्न आवश्यक तालिमका साथै सूचना तथा सञ्चार प्रविधी सम्वन्धि तालिम प्रदान गरी कक्षाकोठामा प्रविधी मैत्री वातावरण सिर्जना गरिनेछ । साथै सृजनात्मक नवप्रवर्तन कृयाकलापका लागि विद्यालयलाई प्रोत्साहन गरिने छ ।

६५. सामुदायिक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी व्यवस्था गरी एक कक्षाकोठा एक शिक्षक कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

६६. स्थानीय विषयको पाठ्यपुस्तकको छपाई वितरण एवम् प्रयोगलाई निरन्तरता दिइनेछ ।

६७. विद्यालय वाहिर रहेका वालवालिकाहरुको तथ्यांक संकलन गरी विद्यालयमा भर्ना गराउन प्रोत्साहन गरिनेछ।

६८. लागु पदार्थ तथा दुर्वेशन मुक्त गाउँपालिका वनाउन शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा सचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।



CS CamScanner

## शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरुः

६९. बालबालिकामा अन्तर्निहित क्षमता प्रस्फुटन गराई प्रतिभाको पहिचान गरी प्रोत्साहनको लागि गाउँपालिका स्तरीय विभिन्न विषयमा अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।

७०. कार्यसम्पादन, निश्चित मापदण्ड र ननतिजाको आधारमा प्रारम्भिक बालविकास सहजकर्ता, शिक्षक, कर्मचारी, विद्यार्थी र विद्यालयहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चचालन गरी शिक्षकलाई विद्यार्थीको नतिजाप्रति जवाफदेही गराइनेछ ।

७१. फर्सटिकर माध्यमिक विद्यालयलाई गाउँपालिका स्तरिय नमुना विद्यालयको रुपमा विकास गरिनेछ । नमुना विद्यालयहरुले गरेका असल अभ्यास अवलोकन एवं अनुसरण गर्दै सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार गरिनेछ ।

७२. विद्यालयको समग्र शैक्षिक उपलब्धि र विषयगत सिकाइ उपलब्धि वृद्धि गर्न सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुले गाउँपालिका अध्यक्षसँग र शिक्षकहरुले प्रधानाध्यापकसाग कार्यसम्पादन करार सम्झौता गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७३. लागत साझेदारीको आधारमा एक शिक्षक एक ल्यापटप कार्यक्रम क्रमशः कार्यान्वयन गरिनेछ ।

७४. प्रचलित कानुनका अतिरिक्त आवश्यक कार्यविधि तयार गरी संस्थागत विद्यालयहरुको नियमन गरिनेछ ।

७५. सामुदायिक सिकाई केन्द्रहरुबाट मागका आधारमा संचालन हुने सिपमूलक , आयमूलक र क्षमता विकास तालिमलाई सहयोगी संस्थाहरुको साझेदारीमा व्यवस्थित गर्दै लगिनेछ । साथै तालिम प्रमाणिकरणका लागि आवश्यक सहजिकरण गरिनेछ ।

७६. विद्यालयलाई प्रभावकारी बनाउन अभिभावक शिक्षा, सचेतना कार्यक्रमअन्तरक्रिया एवम् विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

७७. विद्यालय शिक्षालाई प्रभावकारी बनाई विद्यालय छाडने दर न्यूनीकरण गर्न अभिभावक शिक्षा सचेतना कार्यक्रम अन्तरकृया एंवम विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघको क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

७८. सबै विद्यालय बालमैत्री बनाइनेछ; साथै सामुदायिक विद्यालयको आवश्यकताका आधारमा बालमैत्री र अपाङ्ग मैत्री भौतिक पूर्वाधार क्रमशः विकास गरिनेछ ।

७९. अति विपन्न र वर्गका बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा सुनिश्चित गर्न विशेष सहयोग (छात्रवृत्ती) कार्यक्रम सञ्चालन गरिनेछ ।

८०. यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसमा अध्ययन गर्ने यस गाउँपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरुलाई अध्ययनमा आवश्यक सहजीकरणका लागि निश्चित कोटाका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ । साथै सो क्याम्पसलाई प्रविधि मैत्री बनाई गुणस्तर सुधार प्रत्यायन (QAA) कार्यक्रमलाई थप प्रभावकारी बनाउन विश्वविद्यालय अनुदान आयोग र प्रदेश सम्वन्धित मन्त्रालयसँग आवश्यक समन्वय गरिनेछ ।

८१. विद्यार्थीहरुमा अनुशासन कायम राखी शारिरीक, मानसिक, सामाजिक र संवेगात्मक विकास गरी खेल प्रतिभाको पहिचान र पहुँच विस्तार गर्न खेलकुद विकास समितिको व्यवस्थापनमा गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप खेल महोत्सब संचालनलाई निरन्तरता दिइनेछ ।

८२. सामुदायिक विद्यालयका खेलकुद शिक्षक एवम् खेलाडीहरुलाई प्रशिक्षणको व्यवस्था मिलाईनेछ साथै खेलकुद संरचनाहरुको विकास र विस्तार क्रमशः गर्दै लगिनेछ

८३. गाउँपालिकाको प्रतिनिधित्व गरी बिभिन्न खेलमा सहभागी भइ उत्कृष्ट नतिजा प्राप्त गर्ने खेलाडीहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८४. सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा पुरा गरी उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने शुद्धोदन गाउँपालिका भित्र स्थायी बसोबास भएका विद्यार्थीहरुलाई निश्चित कोटाका आधारमा कार्यविधी निर्माण गरी छात्रवृत्ति प्रदान गरिनेछ । साथै गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयमा विज्ञान तथा प्रविधी विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्ती प्रदान गरिनेछ ।

८५. गाउँपालिकाको स्वास्थ्य शाखाको समन्वय र सहयोगमा सबै सामुदायिक विद्यालयहरुमा ६-६ महिनामा स्वास्थ्य परिक्षणको सुनिश्चितता गर्दै औषधी, स्यानेटरी प्याड, प्राथमिक उपचार किट सहितको प्राथमिक उपचार कक्ष क्रमशः व्यवस्थान गरिनेछ । अपाङ्गता भएका बालबालिकालाई उनिहरुको क्षमता अनुकुल सीपमूलक तालिम प्रदान गरी स्वरोजगार गराउने निती लिइनेछ ।

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरु:**

८६. विद्यार्थीहरुमा नैतिकता इमान्दारिता सदाचार सत्चरित्रको विकास गरी सभ्य समाज निर्माण गर्न योग ध्यान तथा अध्यात्मिक चिन्तन जस्ता कार्यक्रमहरु संचालन गरिने छ । साथै सामुदायिक पुस्तकालयको विकास एंव परम्परागत संगितको संरक्षण गरिनेछ ।

८७. गाउँपालिकाबासी सबै नागरिकलाइ स्वच्छ खानेपानी उपलब्ध गराउन अधुरा खानेपानी आयोजना सम्पन्न गर्न उच्च प्राथमिकतामा राखी नयाँ खानेपानी आयोजना सञ्चालन तथा आधारभूत सरसफाइको सूविधा सुनिश्चित गर्ने लक्ष्य सहितका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

८८. जलवायू परिवर्तनको असरलाइ न्यूनिकरण गर्न गाँउपालिका भित्र रहेका पोखरी, ताल तलैयाहरुको पहिचान, संरक्षण, मर्मत तथा प्रवर्द्धन गरी पूनर्भरण (Recharge) प्रणालीलाइ प्राथमिकतामा राखी पानीको श्रोत संरक्षण गर्ने निति अपनाइनेछ । ढल तथा नालिको उचित व्यवस्थापनगरी पोखरी तथा नदी नालाको स्वच्छता कायम गरिने छ ।

८९. खानेपानीका श्रोतहरुको संरक्षण र शुद्ध खानेपानीको प्रयोगलाइ उच्च प्राथमिकतामा राखुका साथै खानेपानीको पहुँच सुनिश्चिशता गर्दै सबैलाई स्वस्थ्य र सफा खानेपानीको सुविधा उपलब्ध गराउने निति अवलम्वन गरिनेछ।

९०. सार्वजनिक संघ संस्था विद्यालय, स्वास्थ्य संस्था, बजार क्षेत्रमा सूरक्षित पिउनेपानी तथा बालमैत्री, लैङ्गिक मैत्री र अपाङ्ग मैत्री सरसफाइका पूर्वाधार निर्माणमा जोड दिइने छ ।

९१. गाँउपालिकालाइ पूर्ण सरसफाइयूक्त गाँउपालिका बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

९२. सबै प्रकारका लैङ्गिक हिंसा र मानव बेचबिखन अन्त्य गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

९३. सडक बालबालिका तथा ज्येष्ठ नागरिकको पारिवारिक पुनर्मिलन र सामाजिक पुनःस्थापना साथै सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गरिनेछ।

९४. बालबालिका, किशोर किशोरी तथा अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न कार्यक्रम मार्फत क्षमता विकास गरिनेछ।

९५. अपाङ्गता भएका व्यक्तिहरूको अद्यावधिक तथ्याङ्कको लेखाजोखा गरी सोहीवमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

९६. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका व्यक्तिहरुलाई विभिन्न किसिमका सिपमूलक कार्यक्रम प्रदान गरी विकासको मूलप्रवाहमा ल्याइनेछ।एकल महिलाहरूको सिप तथा क्षमता विकास गरिनेछ।

९७. दलित, आदिवासी जनजाती, मधेसी, मुस्लिम तथा पिछडा वर्गको उच्च शिक्षामा पहुँच बढाउन प्रोत्साहन गरिनेछ।

९८. लक्षित वर्ग अन्तर्गत पर्ने समुदायहरुलाई सिपमूलक तथा उत्पादनमूलक तालिम प्रदान गरी स्वरोजगार प्रवर्द्धन गरिनेछ ।

९९. लैङ्गिक हिंसा तथा घरेलु हिंसा विरुद्ध सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी महिलाहरुलाई सशक्तीकरण गरी, विकासको मूलप्रवाहमा ल्याइनेछ ।

१००. बालविवाह, दाइजो प्रथा, लागू पदार्थ दुर्व्यसनी लगायत सामाजिक कुरीति, छुवाछूत, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरूमा न्यूनीकरण गर्न सचेतना र अभियानमूलक कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ।

१०१. मानवसेवा आश्रम, ज्येष्ठ नागरिक सेवा केन्द्र जस्ता मानवीय कल्याणका लागि विशेष सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०२. बालश्रममुक्त पालिका घोषणाको लागि तथ्याङ्क सङ्कलन गर्ने र सोही अनुसार आवश्यक प्रकृया अगाडी बढाउने । बालमैत्री स्थानीय शासन लागु भएको स्थानीय तह घोषणा गर्ने कार्यलाई अध्ययन गरी अगाडी बढाइनेछ ।

१०३. 'महिला उद्यमी समुन्नती कार्यक्रम' सञ्चालन गरि महिलाहरुलाई उद्यमी बन्न प्रेरित गरिनेछ ।

१०४. अन्तर्राष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय लक्ष्य उद्देश्यलाई परिपूर्ति गर्नका लागि सामान्जस्यता कायम गर्ने नीति अवलम्बन गरिनेछ।

१०५. न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो भन्ने कानूनी सिद्धान्तलाई मध्यनजर गर्दै गाउँपालिकाको न्यायिक समितिबाट छिटो, छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।

१०६. प्रत्येक चौमासिक रुपमा वडा कार्यालयमा मेलमिलापकर्ताबाट सम्पादन भएका न्यायिक कार्यको अनुगमन गरी मेलमिलापकर्तालाई थप जिम्मेवार बनाइनेछ ।

१०७. कानूनको अज्ञानता क्षम्य हुदैंन भन्ने कानुनी सिद्धान्तलाई मध्यनजर गर्दै शुद्धोदन गाउँपालिकाका ग्रामीण क्षेत्रका सर्वसाधारणमा कानून सम्वन्धी जानकारी गराउन कानूनी सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।



CamScanner

## शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरुः

१०८. स्थानीय सरकार सञ्चालन ऐन २०७४, मा स्थानीय तहको न्याय सम्पादन प्रकृयामा मेलमिलापलाई प्राथमिकता दिइएबमोजिम वडामा रहेका मेलमिलापकर्ताबाट मेलमिलाप गर्ने नीतिलाई उच्च प्राथमिकता दिइनेछ ।

१०९. न्याय निरुपण कार्यलाई थप व्यवस्थित, सर्वसुलभ, पहुँचयुक्त बनाउन वडा कार्यालयमा रहेका मेलमिलाप केन्द्रको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

### (ग) आर्थिक विकासः

११०. गाउँपालिका भित्र बढ्दै गएको विषादी तथा रासायनिक मलको प्रयोगलाई कम गर्दै जैविक एवम प्राङ्गारिक मलको प्रयोग गर्दै जलवायु अनुकुलित बालीलाई प्रर्वद्धन गरिनेछ ।

१११. वास्तविक उत्पादनको परिमाण र प्रमाणका आधारमा उत्पादनमा आधारित अनुदान सिधै कृषकको खातामा जम्मा हुने गरी डिजिटल प्रणाली को प्रयोग गरी भुक्तानीको व्यवस्था मिलाई उत्पादनमा आधारित अनुदान वितरण गर्ने प्रणालीको विकास गरिनेछ ।

११२. रोजगारी सिर्जना र कृषिलाई व्यवसायीकरण गर्नका लागि हावापानी र सम्भाव्यता हेरेर तरकारी खेती, धान गहु खेती, दुध उत्पादन, माछा मासु उत्पादन, अन्डा उत्पादन गरी व्यवसायीकरण गर्नको लागि प्रत्येक वडा मा क्रमश कम्तीमा एउटा कृषि उपजको पकेट क्षेत्र को विकास गरिनेछ।

११३. उत्पादन, उत्पादकत्व र बजार व्यवस्थापनलाई प्रविधिसँग जोड्न डिजिटल कृषि व्यवस्थापन प्रणाली लागू गरिनेछ र सूचना प्रविधिमार्फत **'किसान सेवा कार्ड'** लाई व्यवस्थित गर्दै प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

११४. गाउँपालिका बासीको पोषण अवस्था सुधार्न हरेक घरमा करेसावारी निर्माणलाई प्रोत्साहन गरिनेछ। मिसावटयुक्त र हानिकारक खानालाई निरुत्साहित गर्दै स्वास्थ्य वर्धक खाद्य पदार्थको प्रवर्द्धन गरिनेछ।

११५. रासायनिक विषादिको प्रयोग घटाउँदै जलवायु अनुकूलन प्रविधिमार्फत प्राङ्गारिक (अर्गानिक) खेतीलाई प्रोत्साहन गरिनेछ।

११६. साना सिँचाइ कार्यक्रम र प्रदेश सरकारसँगको सहकार्यमा भूमिगत सिँचाइ सुविधा उपलब्ध गराएर कृषि उत्पादन बढाइनेछ साथै व्यवसायिक कृषि पकेट क्षेत्र विस्तारको नीतिलाई निरन्तरता दिइनेछ।

११७. गाउँपालिकाको माटोको स्वास्थ्य परीक्षण गरी माटो सुहाउदो बाली लगाउने व्यवस्था मिलाइनेछ ।

११८. इच्छुक किसान, सहकारी र कृषि समूहहरूलाई आधुनिक प्रविधि र व्यावसायिक कृषि/पशुपालन सम्बन्धी तालिम दिइनेछ। उत्पादित उपजलाई नजिकको बजारसम्म पुन्याउन बजारिकरणमा सहयोग गरिनेछ।

११९. कृषि तथा पशुपालनलाई सहज बनाई उत्पादकत्व बढाउन बीउ, यन्त्र, औजार र उपकरणहरूमा कृषकलाई ५० प्रतिशत अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ। सामूहिक खेती गर्ने समूह/सहकारीलाई कृषि क्षेत्रको विस्तारमा प्राथमिकता दिइनेछ।

१२०. पशुहरूमा कृत्रिम गर्भाधान सेवालाई थप व्यवस्थित गरि निरन्तरता दिइनेछ ।

१२१. किसानहरूबीच अनुभव साटासाट गर्न र कृषि व्यवसायलाई प्रतिस्पर्धी बनाउन कृषि मेला प्रदर्शनी आयोजना गरिनेछ।

१२२. विद्यार्थीहरूलाई कृषि पेशाप्रति आकर्षित गर्न र आयआर्जनमार्फत आफ्नो पढाइ खर्च जुटाउन सहयोग पुन्याउने उद्देश्यले **"पढ्दै कमाउँदै कार्यक्रम"** सञ्चालन गरिनेछ।

१२३. खेतीयोग्य जमिनको खण्डीकरण रोकी जमिन बाँझो रहने प्रवृतीलाई निरुत्साहित गरि उक्त जमिनलाई, व्यावसायिक कृषि र पशुपालन क्षेत्र विस्तार गरिनेछ र उक्त क्षेत्रमा बीमा अनिवार्य गरिनेछ।

१२४. लिंची, आँप, ड्रैगन फ्रुट, एभोकाडो जस्ता फलफूल उत्पादनका लागि सम्भाव्य स्थान पहिचान गरी किसानहरूलाई प्रोत्साहन गरिनेछ।

१२५. वित्तीय संस्थाहरूसँगको सहकार्यमा व्यावसायिक किसानहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराइनेछ र ब्याजमा अनुदान दिने कार्य सुरु गरिनेछ।

१२६. उत्पादन लागत घटाउन **"बाह्रैमास हरियो घाँस, पशु उत्पादन एकनास"** भन्ने नाराका साथ घाँस विकास कार्यक्रम र नर्सरी स्थापनामा जोड दिइनेछ।

१२७. जलाशय र माछापोखरी संरक्षण गर्दै ५० प्रतिशत अनुदानमा माछाका भुरा वितरण गरिनेछ र उचित बजार व्यवस्थापन गरी पालिकालाई माछामा आत्मनिर्भर बनाइनेछ।



CamScanner

## शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरुः

१२८. प्रत्येक वडामा कम्तिमा एक कृषि तथा पशु व्यवसायमा आधारित सहकारी विकास गरिनेछ र उत्पादनको मूल्य श्रृंखला (Value Chain) मा काम गर्ने सहकारीलाई प्रवर्द्धन गरिनेछ।

१२९. दूध, अण्डा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउन व्यावसायिक पशुपालक किसानहरूलाई लक्षित गरी प्रोत्साहनका कार्यक्रम ल्याइनेछ।

१३०. पशुहरूमा लाग्ने सरुवा रोग नियन्त्रणका लागि खोप अभियान चलाई शुद्धोदनलाई **"पूर्ण पशु खोप युक्त"** गाउँपालिका बनाइनेछ।

१३१. पशुपालक किसानलाई व्यावसायिक बनाउन तालिम दिइनेछ। पशु स्वास्थ्य, बाँझोपना न्यूनीकरण र रेबिज रोग नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।

१३२. किसानहरूलाई पशु सेवा सहज बनाउन पशु सेवाका प्राविधिकहरूलाई प्रत्यक्ष रूपमा वडाहरूमा खटाउने व्यवस्था मिलाइनेछ।

१३३. विषयगत सेवाका आधारमा सहकारीहरूलाई एकीकरण (Merge) गरिनेछ। सहकारीको पहुँच नपुगेका क्षेत्रमा सेवा विस्तार गेरी पिछडिएको वर्गलाई सहुलियत ऋण दिने व्यवस्था मिलाइनेछ।

१३४. वैंक तथा वित्तीय संस्थाहरूलाई गाउँपालिकाको प्रत्येक वडासम्म आफ्ना शाखा वा सेवा विस्तार गर्न प्रोत्साहित गरिनेछ।

१३५. व्यापार-व्यवसायलाई कानुनी दायरामा ल्याउन दर्ता र अभिलेखीकरण अभियान चलाइनेछ। करको दर घटाएर करको दायरा (Tax Base) फराकिलो बनाउने नीति लिइनेछ।

१३६. दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न सार्वजनिक निजी सहकारी क्षेत्रको सहकार्य मार्फत स्थानीय स्रोत साधनको समुचित प्रयोग तथा परिचालन गरी दिगो स्थानीय आर्थिक विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१३७. एक व्यक्ति एक विषयगत सहकारी नीतिलाई बढावा दिई सहकारीको गुणात्मक सुधारका लागि सहकारी संस्थाहरूको एकीकरण कार्यलाई गाउँपालिकाको नियमन भित्रकै समान विषयगत सहकारी संस्था सँग आर्थिक वर्ष २०८३/०८४ पौष मसान्त भित्र एकीकरणमा जान पहल गरिने र त्यस्ता संस्थालाई एकीकरण प्रकृयामा सहजीकरण गरिनेछ।

१३८. संघीय सरकार/ प्रदेश सरकार, दातृ निकाय सहकारी अभियान तथा जिल्ला सहकारी सँघको सहकार्यमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

१३९. स्थानीय स्रोत, साधन र सीपमा आधारित रोजगार सिर्जना गर्न **'उद्यम विकास योजना'** बनाई लघु उद्यम विकास कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

१४०. गरिवीको रेखामुनि रहेका नागरिक, महिला, दलित, मुस्लिम, थारु, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, एकल महिला र वेरोजगारहरूलाई लक्षित गरी आयआर्जनमूलक सीप विकास र रोजगारीका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४१. लक्षित वर्ग तथा वैदेशिक रोजगारवाट फर्किएका व्यक्तिहरूलाई रोजगार सेवा केन्द्रसँगको समन्वयमा सीपमूलक तालिम दिइनेछ। विपन्न तथा बेरोजगार युवाहरूलाई लक्षित गरी आर्थिक एवं रोजगारीमूलक कार्यक्रम चलाइनेछ।

१४२. लघु उद्यमीहरूलाई व्यक्तिगत, समूह वा साझेदारी फर्मका रूपमा दर्ता गर्न प्रोत्साहन गरिनेछ र उनीहरूको सम्पूर्ण विवरण GESIMIS प्रणालीमा अद्यावधिक गरिनेछ।

१४३. लघु उद्यमहरूको स्थलगत अनुगमन र आवश्यकता पहिचान गरी उद्यम विकास मोडेल अनुसार सेवा र परम्परागत सीपको संरक्षण एवं स्तरोन्नति (Upgrade) गरिनेछ।

१४४. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइने छ । पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगारहरुलाई प्राथमिकतामा राखिनेछ । रोजगार सेवा केन्द्रलाई "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" का रुपमा रुपान्तरण गरी संचालन गरिनेछ। रोजगार सेवा केन्द्रको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने कार्य गरिनेछ।

१४५. आ.व. २०८३/०८४ देखि न्यूनतम रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रवर्धन र भौतिक पुर्वाधारको समेत विकास गरिनेछ । त्यस्तै पालिका स्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गरिनेछ।

## शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरु:

१४६. स्थानिय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सामाजिक विकास, सार्वजनिक निर्माण तथा मर्मत कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ ।

१४७. रोजगारी खोजकर्ता, रोजगारदाता, तालिम प्रदायक संस्था तथा सेवा प्रदायक संस्थाहरुलाई श्रम संसार प्रणालीमा आवद्ध गराई श्रम र रोजगारसंग सम्बन्धित सूचना प्रणाली संचालनको कार्य गरिनेछ। आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ ।

१४८. वैदेशिक रोजगारी सम्बन्धी आवश्यक परामर्श, श्रम स्वीकृत, पुनः श्रम स्वीकृति तथा वैदेशिक रोजगारबोर्डको सचिवालयले प्रदान गर्ने आर्थिक सहायता सम्बन्धी सहजीकरण गर्ने कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप, अनुभव तथा प्रविधिको उपयोग र उद्यमशिलता विकाससँग सम्बन्धित कार्य गरिनेछ। वैदेशिक रोजगारीमा जाने नागरिकहरुलाई वैदेशिक रोजगारीका लागि जिवन उपयोगी शिक्षा प्रदान गरिने छ।

१४९. उद्यम विकास तथा कृषि शाखासंग समन्वय र सहकार्य गर्दै आन्तरिक रोजगारी प्रवर्द्धनका लागि बेरोजगार व्यक्तीहरु तथा वैदेशिक रोजगारीवाट फर्किएका, वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका तथा विरामी भएका कामदारका परिवार सदस्यहरुलाई उद्यमशिलता प्रवर्द्धन कार्यक्रम संचालन तथा आवश्यक सिपमुलक तालिम प्रदान गर्ने कार्य गरिनेछ । बालश्रम निवारण सम्बन्धमा सुसुचित गर्ने कार्य गरिनेछ।

१५०. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन गरी आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकारको सुनिश्चित गरिनेछ । जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार वोर्ड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायकोलागि समन्वय सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्ने कार्य गरिने छ ।

१५१. पालिकाभित्रै उपलब्ध हुने कच्चा पदार्थको प्रयोग गरेर सञ्चालन गर्न सकिने साना तथा कुटीर उद्योग स्थापनामा प्रोत्साहन गरिनेछ।

१५२. ऐतिहासिक र धार्मिक स्थलहरूको पहिचान गरी पर्यटन विकासको गुरुयोजना बनाइनेछ। पालिकाको आफ्नै पर्यटन नक्सा (Tourism Map) तयार पारिनेछ र पर्यटकीय पदमार्ग (Trekking/Walking Trails) को सम्भाव्यता अध्ययन गरी रुट निर्धारण गरिनेछ।

१५३. पर्यटकीय स्थलहरूमा हुने महोत्सवहरूलाई सहयोग गर्नुका साथै ती क्षेत्रहरू सम्म पुग्ने सडक पूर्वाधारको विकास गरिनेछ।

१५४. रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरूलाई पालिकाका विभिन्न ठेक्का तथा उपभोक्ता समिति मार्फत हुने विकास निर्माणका योजनाहरूमा आवश्यक तालिम दिएर काममा लगाइनेछ।

१५५. विदेशबाट फर्किएर आफ्नै सीपमा उद्यम गर्न चाहने युवाहरूलाई लक्षित गरी **"अध्यक्षसँग युवा इलम कार्यक्रम"** सञ्चालन गरिनेछ। साथै स्वयंसेवा (Volunteering) मार्फत पनि युवाहरूलाई रोजगारीमा जोडिनेछ।

१५६. युवाहरूको चाहना र बजारको माग अनुसारका तालिमहरू सञ्चालन गरिनेछ र तालिम प्राप्त युवाहरूलाई व्यवसाय वा उद्यम सुरु गर्न आवश्यक रकम (बिउ पूँजी) सहित प्रोत्साहन गरिनेछ।

**(घ) पूर्वाधार विकासः**

१५७. गाउँपालिकाभित्रका मुख्य, सहायक तथा कृषि सडकहरूको स्तरोन्नति, कालोपत्रे, ढलान, ग्राभेल तथा नियमित मर्मत सम्भार कार्यलाई निरन्तरता दिइनेछ ।

१५८. सबै वडाहरूलाई सुरक्षित, सहज र वर्षभरि सञ्चालनयोग्य सडक सञ्जालमार्फत जोड्ने लक्ष्यका साथ सडक पूर्वाधार विस्तार गरिनेछ ।

१५९. आवश्यक स्थानहरूमा पुल, कल्भर्ट, नाला, तटबन्ध तथा अन्य यातायात संरचनाहरू निर्माण गरी आवागमनलाई सुरक्षित र सहज बनाइनेछ ।

१६०. सार्वजनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक विद्यालय तथा अन्य सरकारी संरचनाहरूको निर्माण, मर्मत तथा स्तरोन्नति गरिनेछ ।



CamScanner

## शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरुः

१६१. सडक किनार तथा सार्वजनिक स्थलहरूमा हरियाली प्रवर्द्धन, सडक बत्ती जडान तथा सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१६२. विपंद् जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी नदी नियन्त्रण, तटबन्ध, पहिरो नियन्त्रण तथा अन्य संरक्षणात्मक संरचनाहरू निर्माण गरिनेछ ।

१६३. सार्वजनिक सम्पत्तिको संरक्षण तथा पूर्वाधारहरूको नियमित मर्मत सम्भारका लागि प्रभावकारी व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

१६४. निर्माण कार्यमा गुणस्तर सुनिश्चित गर्न प्राविधिक मापदण्डको पूर्ण पालना, नियमित अनुगमन तथा सामाजिक परीक्षणको व्यवस्था गरिनेछ ।

१६५. संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार तथा निजी क्षेत्रसँगको सहकार्यमा रणनीतिक तथा ठूला पूर्वाधार आयोजनाहरू कार्यान्वयन गरिनेछ ।

१६६. अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकामैत्री सार्वजनिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।

१६७. **"समृद्ध शुद्धोदन, व्यवस्थित पूर्वाधार"** को अवधारणा अनुरूप दिगो, सुरक्षित र आधुनिक पूर्वाधार विकासमार्फत समुन्नत गाउँपालिका निर्माणको अभियानलाई अगाडि बढाइनेछ ।

१६८. ठूला पूर्वाधारहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजना बैंक मार्फत प्राथमिकतापूर्ण योजनामा लगानी गर्ने नीति लिइने छ ।

१६९. योजनाहरुलाई बजेटको कमी हुन नदिने तथा समयावधि भित्र सम्पन्न गर्ने कुरामा उच्च प्राथमिकताका साथ आवश्यक पहल गरिनेछ साथै गाउँ भित्रका सडकहरुको नामकरण गर्ने कार्यको शुरुवात गरिनेछ ।

१७०. सडकको दिगो विकासको लागि गाउँ भित्रका कालोपत्रे सडकमा गुणस्तर कायम गर्न २० फिट वा सो भन्दा बढी चौडाई भएका सडकहरुमा अस्फाल्ट कंक्रिट प्रविधिलाई अवलम्वन गर्न प्राथमिकता दिइनेछ ।

१७१. सडकको सर्वे डिजाइन गर्दा सो क्षेत्रमा पर्ने विधुत पोल नाली,तार, खानेपानी पाइप विस्तार समेत समावेस गरी एकीकृत डिजाइन इस्टिमेट तयार गरी कार्यन्वयनमा ल्याइनेछ ।

१७२. पूर्वाधार निर्माणमा अधुरो आयोजनालाई विशेष प्राथमिकतामा राखी आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने नीति अवलम्वन गरिनेछ ।

१७३. विकास निर्माण कार्यमा साना र टुक्रे योजनाहरुलाई निरुत्साहित गर्दै ठुला र देखिने खालका योजना संचालन गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

१७४. गाउँपालिका भित्रका जीर्ण सडकहरुलाई स्तरोन्नती गर्न मर्मत संहार कोषको व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१७५. गाउँपालिका भित्र सञ्चालित क्रमागत आयोजनाहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

१७६. खानेपानी सरसफाई, र फोहोर व्यवस्थापनका लागि गाउँपालिकाको Wash Plan अनुसारको पूर्वाधार निर्माण कार्य सरकारी गैह सरकारी निकायहरुसँग साझेदारीमा अगाडि बढाइनेछ ।

१७७. लुम्बिनी-बुद्धसर्किट, वेलवास-वेथरी सडक र गाउँपालिकाको अन्य मुख्य सडकमा हाईम्याक्स स्ट्रीटलाईट जडान गर्ने र सडक सौन्दर्यीकरण गर्ने कार्य अगाडि बढाइनेछ ।

१७८. घर नक्शा पास र नियमितलाई निरन्तरता दिई थप कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१७९. नयाँ भवन निर्माण गर्दा भूकम्पीय जोखिम न्यूनीकरण गर्न तर्फ ध्यान दिदै शुद्धोदन भवन मापदण्ड पालन गरि घर निर्माण कार्य गराउन पहल गरिने छ ।

१८०. घर नक्शा पास प्रक्रियामा नआई निर्माण भएका घरहरुलाई यथासिघ्र प्रक्रियामा ल्याई घर निर्माण कार्य गर्न "राजस्वमा छुट" जस्ता प्रावधानहरु राखी, घर नक्शा पास गरेर मात्र घर निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

१८१. शुद्धोदन गाउँपालिकामा व्यवसाय दर्ता भएका ठेकेदार तथा निर्माण व्यवसायीलाई शुद्धोदन भवन मापदण्ड र राष्ट्रिय भवन मापदण्ड बारे तालिम दिई योग्यता प्रमाणपत्र वितरण गरिनेछ । उक्त तालिम प्राप्त ठेकेदारहरुलाई मात्र शुद्धोदन गाउँपालिका भित्रका भवन निर्माण गर्न पाउने नीति कडाईका साथ लागु गरिनेछ । तालिम प्राप्त ठेकेदारहरुको तालिमको प्रमाणपत्र पनि नक्शा पास प्रक्रियामा पेश गर्ने कागजातहरुमा समावेश गर्नेछ यसरी

## शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरुः

ठेकेदारहरुलाई स्वयम् भवन निर्माण मापदण्डको पालना गर्न र निर्माण कार्य गुणस्तरीयताका साथ गर्न प्रेरित गरिनेछ ।

१८२. विपद् जोखिमयुक्त क्षेत्र, नदी कटान, डुबान तथा अन्य प्राकृतिक प्रकोपबाट प्रभावित बस्तीहरूको संरक्षण तथा व्यवस्थापनका कार्यक्रम सञ्चालनलाई जोड दिईनेछ।

१८३. केन्द्रीय सरकारको समन्वय र सहकार्यमा भूमिहीन र अव्यवस्थित तथा जोखिमयुक्त बस्तीहरूको पहिचान गरी सुरक्षित तथा व्यवस्थित बस्ती विकास कार्यक्रम सञ्चालन गरि जोखिमयुक्त बस्तीमा बसोवास गर्दै आउनु भएका सर्वसाधारणलाई सुरक्षित स्थानमा व्यवस्थापन गरिनेछ।

१८४. नयाँ सडक विस्तार, भवन निर्माण तथा पूर्वाधार विकास कार्यलाई स्वीकृत मापदण्ड र नक्सा प्रणालीमा आधारित बनाइ निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

१८५. सडक, ढल, खानेपानी, विद्युत् तथा सञ्चार सुविधासहितका पूर्वाधारयुक्त वस्ती विकासलाई प्रोत्साहन गरिनेछ ।

१८६. गाउँपालिकाभित्रका घरधुरी तथा भवनहरूको अभिलेखीकरण र डिजिटल तथ्याङ्क प्रणाली विकास गरिनेछ ।

१८७. फोहोरमैला व्यवस्थापन, ढल निकास तथा सरसफाइलाई बस्ती विकाससँग आबद्ध गरी स्वस्थ र स्वच्छ बस्ती निर्माण अभियान सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१८८. सुरक्षित, व्यवस्थित र समुन्नत बस्ती निर्माणका लागि जनचेतना, क्षमता विकास तथा सामुदायिक सहभागितालाई प्रोत्साहन गरिनेछ ।

१८९. खाली सार्वजनिक क्षेत्रहरुको अध्ययन अनुगमन गरि सौन्दर्यीकरण तथा बगैंचा र पार्कहरुको निर्माण सम्वन्धि नीति कार्यान्वयन गरिनेछ ।

### (ङ) वन, वातावरण तथा विपद् व्यवस्थापनः

१९०. वातावरण संरक्षणको लागि वैकल्पिक उर्जा (वायो ग्याँस, सुधारियको चुलो, सौर्य उर्जा र विद्युतिय चुलो) जडानलाई प्रोत्साहन गर्ने निति अवलम्वन गरिने छ ।

१९१. गांउँपालिका भित्र उत्पादन हुने फोहोरको व्यवस्थापन गर्न उपयुक्त स्थानमा ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माण कार्य अगाडि बढाइने र निर्माणाधिन शवदाह गृहलाई थप व्यवस्थित गरि वातावरण मैत्री वनाइने छ।

१९२. प्लाष्टिकजन्य झोला तथा वस्तुहरुको प्रयोगलाई निरुत्साहित गर्दै फाइवर झोलाको प्रयोग र उत्पादनलाई प्रोत्साहन गर्ने निति अवलम्वन गरिनेछ ।

१९३. सार्वजनिक जग्गाहरुको पहिचान गर्ने, संरक्षण गर्ने र उक्त जग्गाहरुमा वृक्षारोपण गर्दा फलफूल, औषधीजन्य साथै आयआर्जन हुने खालका विरुवाहरु रोप्न प्रोत्साहन गरिनेछ। सामुदायिक वनहरु संरक्षण गरी थप व्यवस्थित गरिने छ ।

१९४. गाँउपालिका भित्र रहेका पोखरी, ताल तलैयाहरुको पहिचान, संरक्षण, मर्मत तथा प्रवर्द्धन गरी पूनर्भरण (Recharge) प्रणालीलाइ प्राथमिकतामा राखी पानीको श्रोत संरक्षण गर्ने नीति अपनाइने छ ।

१९५. यस गाउँपालिका भित्र वहाव क्षेत्र भएका तिनाउ, दानव तथा ईङ्गुरिया नदीहरुको नदीजन्य पद्धार्थ व्यवस्थापन गर्दा स्थानीयलाई पर्ने क्षति लाइ न्यूनीकरण गर्न सम्बन्धित स्थानियबासीहरुसँग समन्वय गरी नदीजन्य पद्धार्थको उत्खनन् तथा विक्री व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ ।

१९६. गाउँपालिका भित्र आइपर्ने विपद् जन्य घटनाको व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोषको स्थापना गरी कोलाई प्रभावकारी रुपमा परिचालनगरी राहत वितरणलाइ पारदर्शि र प्रभावकारी बनाइनेछ।

१९७. मुख्य वजारको सरसफाइ प्रवर्द्धनका लागि निजि क्षेत्रसंग सहकार्य गर्दै अगाडि बढने र फोहरमैला व्यवस्थापनलाई आयआर्जन संग जोड्ने निति अवलम्वन गरिनेछ।

१९८. गाउँपालिका भित्रको नदीजन्य पदार्थको उत्खनन्, अन्वेषण, ढुवानी तथा विक्रिवितरणलाई नियमित गर्न कार्यविधी निर्माण गरी प्रशोधन गरी विक्रिवितरण गर्ने व्यवस्था मिलाइनेछ । यसको पूर्वाधार विकासको लागि संघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

१६. शुद्धोदन गाउँपालिकाको वडा नं. ४ को फर्साटिकर बजार क्षेत्रमा फलामको नाली कभर निर्माण गर्न वार्षिक विकास कार्यक्रमको पेज नं. १३७ को क्र.सं. ८८ मर्मत सम्भार कोष शिर्षकबाट रु. १ लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।



CamScanner

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गतेको बैठकका निर्णयहरुः

१७. शुद्धोदन गाउँपालिकाको दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्वन्धी कार्यविधी, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

१८. शुद्धोदन गाउँपालिका भित्र गठन भएका टोल विकास संस्थाहरुको आर्थिक अवस्था राम्रो नभएकोले बढीमा रु. ४०००।– सम्म रकम रजिष्टर्ड अडिटर मार्फत वार्षिक लेखा परिक्षण गर्दा लागेको खर्च वार्षिक विकास कार्यक्रमको पेज नं. १३१ क्र.सं. १२७ विभिन्न टोल विकास संस्थाहरुको लेखा परिक्षण गरेवापतको रकम भुक्तानी शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।